स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सानोपर्दाको सिरियलबाट अभिनय भित्रिएर ठूलो पर्दासम्म छाउन सफल कलाकार विल्सन विक्रम राई 'तक्मे बुढा'ले अब फिल्म निर्देशन गर्ने भएका छन् । 'लाहुरे एण्ड दाउरे' नामक फिल्मबाट उनी निर्देशनमा देखिन लागेका हुन् । फिल्मको मुख्य भूमिकामा दयाहाङ राईलाई अनुबन्धित गर्दै उनले फिल्म घोषणा गरेका हुन् । फिल्म उनकै कम्पनी तक्मे प्रोडक्सनको प्रस्तुतीमा बन्न लागेको हो । फिल्मको मुख्य भूमिकामा बुद्धि तामाङसमेत रहने बताइन्छ ।

आजको विचार...



कमला थापा

उल्फनै... (दुई पेजमा)



चन्द्र पन्तको निर्देशनमा बनिरहेको फिल्म 'ह्रस्वदीर्घ'मा कलाकारको 'लाइनअप' बलियो देखिएको छ । नाम चलेका नेपाली र भारतीय कलाकारको 'पल्टन' यो फिल्ममा देखिन्छ । निर्माताले सोमबार थप चारजना चर्चित कलाकारको नाम घोषणा गरेका छन् जसले यो साताबाट छायांकन सेट ज्वाइन गर्नेछन् । निर्देशक पन्तका अनुसार संचिता लुइँटेल, प्रशान्त ताम्राकार, किरण केसी, बुद्धि तामाङ पनि फिल्ममा अनुबन्धित भएका छन् । फिल्ममा यसअघि नै 'गजनी' अभिनेता प्रदीप रावत जोडिएका छन् ।

❒ वर्ष २९ ❒ अंक १४८ ❒ २०८० पुस १० गते मंगलबार 26 December 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### हवाई आक्रमणमा ७० जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**गाजा,** पुस ९/गाजा पट्टीको अल-मगाजी शरणार्थी शिविरमा आइतबार भएको इजरायली हवाई आक्रमणमा कम्तीमा ७० प्यालेस्टाइनीको मृत्यु भएको प्यालेस्टिनी सरकारी टेलीभिजनले जनाएको छ । गाजास्थित स्वास्थ्य मन्त्रालयका प्रवक्ता अशरफ अल-केद्राले एक विज्ञप्तिमार्फत् भीडभाड भएको आवासीय क्षेत्रमा हवाई आक्रमण भएकोले ७० जनाको मृत्यु भएको र यो संख्या थप बढ्न सक्ने बताए । उनका अनुसार इजरायली सेनाले क्याम्पको मध्य क्षेत्रका मुख्य सडकहरूमा बमबारी गरिरहेको छ । जसले एम्बुलेन्स र नागरिक सवारीहरूलाई लक्षित स्थानहरूमा पुग्न बाधा पुगेको छ । मृत्यु हुनेमध्ये अधिकांश महिला तथा बालबालिका रहेका तथा स्थानीय अस्पतालहरूमा थप घाइतेलाई भर्ना गर्न गाह्रो भएको स्थानीय अधिकारीले बताएका छन् । स्रोतका अनुसार अल-मगाजी शरणार्थी शिविर बाहेक, इजरायली सेनाले मध्य गाजाको अल-बुरेज शरणार्थी शिविर र दक्षिणी शहर खान युनिसमा पनि आक्रमण गरेको छ ।

# सिद्धबाबा सुरुङ निर्माणका लागि फेरि सडक बन्द गरिदैं

## सय दिन दैनिक ६ घण्टा बन्द हुने

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पुस ९/राष्ट्रिय गौरवको आयोजनाका रुपमा हेरिएको निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको कामलाई तिव्रता दिन फेरी सडक बन्द गर्न लागिएको छ । निर्माण कार्य भइरहेको अवस्थामा ढुंगाहरु खस्ने, सवारी आवतजावतमा उच्च जोखिम हुने भएकाले सिद्धार्थ राजमार्गको पाल्पा-बुटवल खण्ड यही पुस १६ गतेदेखि दैनिक ६ घण्टा बन्द गर्न लागिएको हो ।

सुरुङ निर्माणको कामले गति लिन नसकेको भन्ने आलोचना भइरहेका बेला निर्माण कम्पनीले सवारी आवागमन बन्द गरेर कामलाई सहज गराई तिव्रता दिन भन्दै राजमार्ग सुरक्षा समितिलाई आग्रह गरेको थियो । सोही आग्रह अनुसार जिल्ला प्रशासन कार्यालय पाल्पामा बसेको राजमार्ग सुरक्षा समितिको बैठकले दैनिक ६ घण्टा सडक बन्द गरेर काम गर्ने निर्णय गरेको हो । आयोजनाको आग्रह अनुसार पुस १६ गतेदेखि एक सय दिनसम्म सवारी




साधनको आउ-जाउ बन्द गरेर सुरुङमार्ग निर्माणको काम गर्न लागिएको प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले जानकारी दिए । राति १० बजेदेखि बिहान ४ बजेसम्म सवारी आवागमन बन्द गरेर काम गरिने उनले बताए । प्रमुख जिल्ला अधिकारी काफ्लेले भने 'उक्त समयमा यात्रुलाई कुनै पनि अफ्ठ्यारो नहुने गरी काम गर्न निर्माण व्यवसायीलाई भनेका छौं ।' उनले सडक बन्द हुने विषयको सूचना प्रभावकारी रुपमा सम्प्रेषण गरी सम्बन्धित नियामक निकाय, समन्वय गर्ने निकाय, यातायात सेवा कम्पनी, राजमार्ग प्रयोगकर्तासम्म जानकारी गराउन समेत सबैलाई आग्रह गरेका छन् । सुरुङमार्ग निमार्णका लागि पटक -पटक सडक बन्द गरेर काम हुँदै आएको छ । यस अघि पनि गत फागुन १३ देखि २७ गतेसम्म दैनिक आठ घण्टा, चैत २१ गतेदेखि दिउँसो ११ बजेदेखि २ बजेसम्म र राति १० बजेदेखि बिहान ४ बजेसम्म सडक बन्द गरेर निर्माणको पूर्व तयारीका काम अगाडि बढेको थियो । पटक- पटक सडक बन्द गरिए पनि कामले भने गति लिन सकेको छैन । मंसिर ३० गते भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले समेत स्थलगत निरीक्षण गरी सुरुङमार्गको काम सुस्त भएको भन्दै कामलाई तिव्रता दिन निर्देशन दिएका थिए । मन्त्री ज्वालाले कामको गति निकै ढिलो भएकोमा ध्यानआर्कषण गराउँदै तीव्रता दिन निर्देशन दिए लगत्तै निर्माण व्यवसायीले सवारी आवगमन रोकेरै भए पनि कामलाई तिव्रता दिन चासो देखाएको छ । यो सुरुङ मार्गलाई ठूलो र महंगो आयोजनाका रुपमा लिइएको बताउँदै यसको काममा कुनै पनि लापरवाही नगर्न मन्त्रीले निर्माण व्यवसायीलाई सचेत गराएका थिए । अहिले यहाँ ८/९ प्रतिशत मात्रै काम भएको छ । सुरुङ मार्ग निर्माणको दक्षिण र उत्तरतर्फको पोर्टल, बाइपास टेल एक र दुई र स्लोप क्षेत्रको कार्य गर्दा बाटो साँघुरो भएको कारण निर्वाध रुपमा यातायात सञ्चालनकै अवस्थामा कार्य गर्न असहज भएकाले सवारी साधन आवतजावत बन्द गरेर काम गर्न लागिएको निर्माण व्यवसायीले जनाएको छ । 'निर्माण कार्य भइरहेको अवस्थामा ढुंगाहरु खस्ने, सवारी आवतजावतमा उच्च जोखिम हुने भएकाले मिति २०८०/०९/१६ गते सोमबारदेखि १०० दिन राति १० बजेदेखि बिहान ४ बजेसम्म लागू हुने गरी सवारी साधन आवतजावत बन्द गर्ने निर्णय गरियो' समितिको निर्णयमा भनिएको छ ।

बुटवलको तल्लो सिद्धबाबादेखि पाल्पाको दोभान चौकीसम्मको करिब ३ किलोमिटर सडक क्षेत्र पहिरोका कारण जोखिमयुक्त भएकाले यहाँ सुरुङमार्ग बनाउन लागिएको हो । चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले सुरुङमार्ग निर्माणका लागि २०७८ फागुन १ मा ठेक्का पाएको थियो । सिद्धबावा क्षेत्रमा माथिबाट खस्ने ढुंगा तथा पहिरोका कारण हरेक वर्ष आठ/दश जना नागरिकले ज्यान गुमाउनु परेकाले सरकारले सुरुङमार्ग बनाउने योजना अघि सारेको थियो ।

## यात्रालाई सुरक्षित बनाऔं ।

- सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं ।

***सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं ।***

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# आज योमरी पुन्ही र उधौली पर्व मनाइँदै, देशभर सार्वजनिक विदा

**पाल्पा,** पुस ९/मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन मनाइने योमरी पुन्ही: अर्थात् योमरी पूर्णिमा पर्व र उधौली पर्व आज देशभर मनाइँदैछ । विशेषगरी किराँत समुदायले उधौली पर्व र नेवार समुदायले योमरी पुन्ही धुमधामसँग मनाउँछन् । किराँत समुदायले आफूले लगाएको अन्नबाली पाकेपछि आृनो इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिनको रुपमा उधौली पर्वलाई लिने गर्दछन् भने नेवार समुदायले नयाँ धान भित्र्याएको खुशीयालीमा योमरी पुन्ही मनाउने गर्दछन् ।




देशभरका नेवार समुदाय मंगलबार घर-घरमा योमरी (एक प्रकारको रोटी) पकाएर योमरी पुन्ही (पूर्णिमा) मनाउँदै छन् । नेपाल भाषामा यो को अर्थ मनपर्ने र मरी को अर्थ रोटी हो । यस अर्थमा योमरीको अर्थ मनपर्ने रोटी हो । विशेष प्रकारले बनाइने यो रोटीभित्र चाकु र तिलको मिश्रणसहित खुवा, मुगींको लिटो राखिन्छ । यो पूर्णिमाको विशेषता नै योमरी पकाएर खानु हो । त्यसकारण यस दिन अन्य पूर्णिमा जस्तो भोज खाइँदैन । बरु योमरी खाइन्छ । यो दिन नियमित जस्तो खाना खान नहुने विश्वास छ । योमरी विशेष स्वादिलो हुन्छ । योमरी विशेष आकार प्रकारमा बनाइन्छ । चामलको पिठोलाई मनतातो पानी हालेर मुछी विशेष आकारमा योमरी तयार गरिन्छ । पानीको बाफबाट यसलाई उसिनेर पकाइन्छ । धेरैजसोले त्रिकोण आकारमा योमरी बनाउँछन् । वर्षको पहिलो धानको चामलबाट पिठो तयार गरी योमरी बनाइन्छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## उधौली र योमरी पुन्हीको सांस्कृतिक महत्व

नेपाल संवत् अनुसार हरेक मसिर शुक्ल पूर्णिमाका दिन उधौली पर्व र योमरी पुन्ही (ज्यापु दिवस) मनाइने गरिन्छ । यस वर्षको पर्व आज परेको छ । विशेषगरी किराँत समुदायले उधौली पर्व र नेवार समुदायले योमरी पुन्ही धुमधामसँग मनाउँछन् । किराँत समुदायले आफूले लगाएको अन्नबाली पाकेपछि आफ्नो इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिनको रुपमा उधौली पर्वलाई लिने गर्दछन् । बाली लगाउने बेलामा भने किराँत जातिमा उभौली अर्थात् यावा पर्व मनाइने चलन छ । किराँतहरुको महान चाड साकेलाको दुईवटा पर्विय पक्षहरु उगौली र उधौली हुन् । उँगो भन्नाले ठेट नेपाली शब्दमा माथि भन्ने र उँधो भन्नाले तल बुझ्नाउँदछ । ठेट नेपाली गीत अनि शब्दावलीहरुमा उँगो र उँधो शब्दको पर्याप्त प्रयोग भएको पाइन्छ । तल माथि या प्रगती अनि दुर्गती लगायत शुरु या अन्त्य जनाउन उँगो र उँधो शब्दको प्रयोग भएको पाइन्छ । किराँती मान्यता अनुसार हिउँद् शुरु भएलगत्तै लेकबाट वस्तुभाउ अनि चराचुरुङ्गी लेकबाट बेसीतिर बसाई सर्ने समय भएको संकेतका रुपमा यस पर्वलाई लिइन्छ । साथै अन्नबाली भित्र्याइएको खुशीयालीमा पनि यो पर्व मनाइन्छ ।

यस्तै नयाँ धान भित्र्याएको खुशीयालीमा नेवार समुदायले योमरी पुन्ही मनाउने गर्दछन् । यो नेवार समुदायको प्रचलित खाना योमरीसँग जोडिएको छ। योमरीको शाब्दिक अर्थ प्यारो रोटी हो । यःको अर्थ प्यारो र राम्रो तथा मरी भनेको रोटी भन्ने हुन्छ । योमरी सबैलाई मन पर्ने भएकाले यसको नाम योमरी राखिएको हो । योमरी दिन र रातसँग पनि जोडिएको पाइन्छ । बाहिरको चामलको सेतो र भित्रको कालो भागलाई उज्यालो र अँध्यारोको प्रतीकसमेत मानिन्छ । योमरी एक मात्र यस्तो खानेकुरा हो, जसलाई सम्पूर्ण नेवार समुदायका मानिसले एकै ठाउँमा बसेर खान्छन् । योमरी पुन्हीको दिन सबै जातका मानिस एकै ठाउँमा बसेर भोजन गर्छन् । त्यो दिन जाति र समुदायबीचमा कुनै भेदभाव गरिँदैन । योमरी सित्तैमा खाइँदैन । सबैले पैसा तिरेर खाने भएकाले त्यसबाट उठेको अधिकांश रकम समाजसेवामा खर्च गर्नुपर्ने मान्यता रहेको छ । नेपाली मौलिक संस्कृतिसँग जोडिएका यि पर्वहरुको आ-आफ्नै सांस्कृतिक महत्त्व रहेको छ । यसर्थ यि पर्वहरुले नेपालका सबै धर्मावलम्बी, जातजाति, भाषाभाषी जो जहाँ रहेको भएपनि एकताबद्ध भई आपसी सद्भाव तथा भातृत्व अभिवृद्धि गरी देशमा शान्ति र सु–व्यवस्था स्थापना गर्नका लागि प्रेरित गर्न सकोस् सबैमा शुभकामना ।

### Opinion @ Social Network

आज खुशी छु भन्दैमा भोलि पनि खुशी हुन्छु नसोच्नु
किनकि निलो आकाशलाई पनि क्षणभरमै कालो बादलले ढाकिदिन्छ ।
*(कामना पाठकको फेसबुक स्टाटस https://www.facebook.com/Pathak.Kmna)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उल्झनै उल्झनमा जकडिएको राजनीति



**कमला थापा**

***देशमा बढ्दै गएको अबैध धन्दाहरु र काण्डैकाण्डले राजनीति दुर्गन्धित बन्दै छ । तर सरकार र राजनैतिक दलहरुलाई यसले केही फरक पारेको छैन । उनीहरुको धन्दा झन मौलाएको देखिन्छ । एउटा काण्ड देखा पर्छ, त्यो सेलाउन नपाउँदै अर्को काण्ड घटाइन्छ । कारवाही सुरु गरेको जस्तो गरिन्छ । फेरि राजनीतिक शक्तिको दवाव र प्रभावका आधारमा बचाइन्छ । दण्ड, जरिवाना केवल जनतालाई झुक्याउने आधारमा मात्र गरिन्छ । यो दण्डहीनताको पराकाष्ठा हो । चेजयअरदेखि ललितानिवाससम्म, आफ्नै नागरिकलाई नक्कली भुटानी बनाएर नेपाली नागरिक बेचबिखन, कून्टलका कून्टल सुन, सरकारी प्रति जग्गा, खोलानाला, खर्बौंको एनसेल काण्ड लगायतमा अर्बौंअर्बको भ्रष्टाचर भइरहेको छ । तर त्यस्तो बिषयले केवल एक हप्ता चर्चा पाउँछ । अन्तमा सानो रकम औपचारिक्ता मात्र पुर्‍याएर धरौटीमा छाडिन्छ । त्यसपछि सेलाउदै, दवाईदै लगिन्छ । यस्तो छ, गणतन्त्रको सरकार र ठुला राजनैतिक दलहरुको मिलेमतो, भागबण्डा र साझेदारी । त्यसैले बिना लगानीको व्यापार भएको छ राजनीति । देश यसरी बर्बाद बनाइँदै छ । नेपाल अन्तर्राष्ट्रिय तस्करहरुको सुरक्षित स्थल बन्दै गएको छ । सरकार उनैको समरक्षणका लागि मात्र बनेको हो कि भन्ने देखिन्छ । सरकार अभिभावक विहीन अवस्थामा वा भनौ जवाफदेही नै नभएको अवस्थामा देखिन्छ । केही सांसदले संसदमा बोलेका छन् ।***

दिशाहीन राजनीतिले जन्माएका जटिलताहरूले देशलाई कता पुर्‍याउँदै छ ? आज सर्बत्र यस विषयमा बहस भैरहेको छ । बौद्धिक बर्गदेखि साधारण परिश्रम गरेर गरिखाने बर्ग, चियापसल, पत्रिका विक्री स्थल, सार्बजनिक स्थल, यातायातका साधनहरुमा, पसलहरुमा हुने जमघटमा राष्ट्रिय चिन्ता चाँसोको विषयमा कुरा गरेको सुनिन्छ । नेताहरुले बुझ्नै नचाहेको राष्ट्र, राष्ट्रियता र जनताको अवस्थाको बिषयमा कसले बुझिदिने ? जनताको जीवनस्तर आजभन्दा २५-३० बर्ष अगाडि र अहिलेलाई तुलना गर्दा नेपालीहरुको जिवनस्तर एक सय बर्ष पछाडी धकेलिएको छ । यसो भन्नेहरुको संख्या मजबुत रहेको पाइन्छ । यो भन्नका लागि मात्र जनताले भनेका होइनन् । जनताले ५ वर्षका लागि चुनेर पठाएका सांसदहरुले संसदमै उठाएका कुराहरु हुन् ।

देशमा बढ्दै गएको अबैध धन्दाहरु र काण्डैकाण्डले राजनीति दुर्गन्धित बन्दै छ । तर सरकार र राजनैतिक दलहरुलाई यसले केही फरक पारेको छैन । उनीहरुको धन्दा झन मौलाएको देखिन्छ । एउटा काण्ड देखा पर्छ, त्यो सेलाउन नपाउँदै अर्को काण्ड घटाइन्छ । कारवाही सुरु गरेको जस्तो गरिन्छ । फेरि राजनीतिक शक्तिको दवाव र प्रभावका आधारमा बचाइन्छ । दण्ड, जरिवाना केवल जनतालाई झुक्याउने आधारमा मात्र गरिन्छ । यो दण्डहीनताको पराकाष्ठा हो । चेजयअरदेखि ललितानिवाससम्म, आफ्नै नागरिकलाई नक्कली भुटानी बनाएर नेपाली नागरिक बेचबिखन, कून्टलका कून्टल सुन, सरकारी प्रति जग्गा, खोलानाला, खर्बौंको एनसेल काण्ड लगायतमा अर्बौंअर्बको भ्रष्टाचर भइरहेको छ । तर त्यस्तो बिषयले केवल एक हप्ता चर्चा पाउँछ । अन्तमा सानो रकम औपचारिक्ता मात्र पुर्‍याएर धरौटीमा छाडिन्छ । त्यसपछि सेलाउदै, दवाईदै लगिन्छ । यस्तो छ, गणतन्त्रको सरकार र ठुला राजनैतिक दलहरुको मिलेमतो, भागबण्डा र साझेदारी । त्यसैले बिना लगानीको व्यापार भएको छ राजनीति । देश यसरी बर्बाद बनाइँदै छ । नेपाल अन्तर्राष्ट्रिय तस्करहरुको सुरक्षित स्थल बन्दै गएको छ । सरकार उनैको समरक्षणका लागि मात्र बनेको हो कि भन्ने देखिन्छ । सरकार अभिभावक विहीन अवस्थामा वा भनौ जवाफदेही नै नभएको अवस्थामा देखिन्छ । केही सांसदले संसदमा बोलेका छन् । तीनबटा डाक्टर अमरेश सिंह, सुनिल शर्मा र चन्द्र भण्डारीले बोलिरहेका छन् । ज्ञानेन्द्र शाही, धवल शमशेर पनि बोलिरहेका छन् । तर उनीहरूले उठाएका बिषय प्रति सरकार गम्भीर हुनै चाहँदैन । सांसद डा. अमरेश कुमार सिंहले रोष्टमबाटै 'प्रधानमन्त्री ज्यू देश यसरी लुटिदै गएको अबस्थालाई तपाईं कति हेरर बस्न सक्नु हुन्छ ? के यो देशलाई बेच्नै खोज्नु भनेको हो' 'हो भने भन्नुहोस् कहिलेसम्म बेच्दै हुनुहुन्छ । कमसेकम संसद र सांसदहरुलाई पनि जानकारी होस् ।' के यो सानो कुरा हो ? गणतन्त्र, लोकतन्त्रका नाममा चलाइएको यो लुटतन्त्र जनताले कतिन्जेल सहेर बस्ने? अब त सरकार राजधानीका प्रमुख ठाउँहरुमा निशेध्याज्ञा जारिगरेर सीमित सुरक्षा घेराभित्र बसेर शासन चलाउन खोज्दै छ । प्रधानमन्त्री प्रचण्डले एकताका हामी यहाँ छौं भनेर बसेर देखाएको स्थानलाई अहिले आफू प्रधानमन्त्री हुँदा निषेधित स्थल घोषणा गराएका छन् । यसलाई नै भनिन्छ कँही नभएको जात्रा हाँडिगाउँमा ? सरकारले साच्चिकै गाइजात्रा नै देखाएको छ ।

अहिले पर्यटन तथा संस्कृति मन्त्री सुदन किरातीले राष्ट्रियता, धर्म, संस्कृति माथि नराम्रोसँग प्रहार गरेका छन् । एउटा क्रिस्चियनहरुको कार्यक्रममा उनले अनावश्यक रुपमा क्रिस्चियन धर्मलाई नमान्ने, गाली गर्नेहरू राष्ट्रवादी हुन सक्दैनन् भनेका छन् । क्रिस्चियनको विरोध गर्नु संबिधान माथिको प्रहार हो र ती संविधान विरोधी हुन् । त्यस्तालाई पक्रिएर जेलमा हाल्नु पर्छ सम्म भन्ने आँट गरेका छन् । सुदन किराती तपाईं नेपालको मन्त्री हो कि? क्रिस्चियनहरुको ! नेपालको सनातन हिन्दु धर्मलाई गाली गर्दै पराई धर्मको वकालत गर्ने अधिकार कसले दियो ? माओवादीहरुको जन्म, उनीहरुको पालनपोषण पश्चिमाहरुको लगानीमा भारतीय भूमिमा भएको हो ? त्यँही हुर्काएर नेपल र नेपाली तथा यो देशको राजसंस्था सिध्याउने ठूलो रणनीतिका साथ चलाइएको योजना थियो भन्ने कुरा नेपालीहरुले नबुझेका थिएनन् । त्यसलाई आज माओवादी अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्डले मन्त्री किरातीमार्फत प्रष्ट्याइ दिए । उक्त कुरा मन्त्री किरातीले मात्र बोल्न सक्ने हुन सक्दैन । उनलाई प्रधानमन्त्री जाने कार्यक्रममा प्रधानमन्त्रीले पठाउनु भएको भन्ने कुरा मन्त्रीकै मुखबाट सुनियो । कतै प्रधानमन्त्री आफूले बोल्न नमिलेर मन्त्रीको मुखबाट बोल्न लगाइएको त हैन ? या एनसेल काण्डको ध्यान अन्यत्र मोड्नको लागि हो ? माओवादी पश्चिमा मिसन सफल गराउन भारतमार्फत प्रयोग गरिएको एउटा जमात थियो । पछि पार्टीको रुपमा देखापरेर आज देशको संबेदनशील अङ्गहरु माथि प्रहार गर्दैछन् । त्यसैले यो मन्त्रीको राजीनामा मात्र हैन, प्रधानमन्त्रीले यसको जवाफ दिनुपर्छ । तर आजसम्म किन मौन ? यसैबाट प्रष्ट हुन्छ । प्रधानमन्त्रीको मुखपत्र जस्तै किरातीले बोलेका रहेछन् भन्ने ।

गणतन्त्रको संबिधानले धर्मनिरपेक्ष भन्दैमा नेपालीहरुको रगतको कण-कणमा भएको सनातन हिन्दुधर्म कसैले हटाउन सक्दैन र यो देशको मुल धर्म हो । यसैले अन्य धर्महरुको पनि समान अधिकारको रक्षा गर्छ । गरिरहेको पनि हो । तर अहिले किराँतीले नै तथानाम भनेर धार्मिक सहिष्णुता भएको मुलुकमा धार्मिक युद्ध गराउन भड्काइ रहेको जस्तो देखियो । नेपाल बिश्वको एकमात्र हिन्दू राष्ट्र हो । अदृश्य रुपमा फैलाइँदै गएको क्रिस्चियानिटीलाई माओबादीहरुबाट स्थापित गर्न खोजिँदै छ । यसैको डिजाइनमा राजसंस्था सिध्यायो । राजसंस्था नसकिकन हिन्दु धर्ममाथि प्रहार गर्न नसकिने र हिन्दु धर्ममा त्यो शक्ति भएकोले आज "ॐ" र "श्री" शब्द हटाउनु पर्छ भन्ने पश्चिमा मिसन चलाइएको छ ।

योजनाबद्ध ढंगले यो सुन्दर देशमाथि गिद्दे नजर लगाउनेहरुको इसारामा कम्युनिस्टहरुको तानाशाही चरित्रले काम गर्दैछ । नेपाली कांग्रेस पनि जानी नजानी आफ्नै पार्टीभित्रका बिदेशी तत्वहरुबाट सञ्चालित ब्यक्तिहरुको चङ्गुलमा फसेर धर्म निरपेक्षताको पक्षपोषण गर्न लाग्दा देश आज ठूलो संकटमा पुग्दैछ ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :समय रमाइलो रहला । मित्रता र प्रेमको बन्धन कसिने बेला छ । | **तुला** : प्रेममा उच्च सफलताको हुने योग छ । प्रेमीप्रेमिकाको मिलन हुनेछ। |
| **बृष** :मनोरञ्जन र खेलवाडतिर लागिने छ । गुरुजनको हौसला मिल्लने छ । | **बृश्चिक** : सामाजिक काम गरिनेछ । आम्दानी पनि प्रशस्तै बढ्नेछ । |
| **मिथुन** :अस्वस्थता र कमजोरी महशुस होला । अरूका लागि समय खर्चनुपर्ला। | **धनु** :शरीरमा स्फूर्ति बढ्नेछ । प्रतिस्पर्धी तथा शत्रुपक्ष विस्थापित होलान् । |
| **कर्कट** :व्यवसायबाट सोचेको लाभ मिल्नेछ ।अरूको मन जित्न सकिनेछ । | **मकर** : व्यवसायिक भ्रमण गर्ने मौका आउला । आतिथ्यपूर्ण सम्मान पाइनेछ । |
| **सिंह** :मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । | **कुम्भ** :मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । |
| **कन्या** :धार्मिक क्रियाकलापबाट मनमा शान्ति मिल्नेछ ।कर्मसिद्धिको समय छ । | **मीन** :समय मध्यम छ । नजिकका व्यक्तिबाटै काममा धोका हुन सक्छ । |




# यसरी चलाउनहोस् २ वटा फोनमा एउटै ह्वाट्सएप अकाउन्ट



परिवार तथा साथीहरुसँग जोडिनका लागि प्रसस्तै विकल्पहरु उपलब्ध भएको सर्वाधिक लोकप्रिय मेसेजिंग एप मध्येको एक हो ह्वाट्सएप । सन् २०२१ मै ह्वाट्सएपले मल्टिपल डिभाइस फिचर थप गरेको थियो, जसमा प्रयोगकर्ताहरुले एउटा ह्वाट्सएप अकाउन्टलाई फोनसहित अन्य डिभाइसमा पनि प्रयोग गर्न सक्दछन् । तर, यो फिचरको एउटा सीमा थियो । मल्टिपल डिभाइसको भनिए पनि फोनसहित कम्प्युटर वा ल्यापटपमा त एउटै ह्वाट्सएप अकाउन्ट चलाउन सकिन्थ्यो तर एउटा ह्वाट्सएप अकाउन्टलाई दुईवटा फोनमा भने चलाउन सकिंदैनथ्यो । ह्वाट्सएपले गत अप्रिलमा Companion Mode नामक फिचरमार्फत् यो समस्याको पनि समाधान गरिदिएको छ । यो फिचरसँगै प्रयोगकर्ताले आफ्नो एउटा ह्वाट्सएप अकाउन्टलाई पाँचवटा सम्म फोनमा लिंक गर्न सक्दछन् । अर्थात् एउटै ह्वाट्सएप अकाउन्टलाई एकै पटकमा पाँचवटा सम्म फोनमा चलाउन सकिने भएको छ ।

**Companion Mode के हो ?**

यो फिचरले एउटा ह्वाट्सएप अकाउन्टलाई आफ्ना सबै डिभाइसहरुमा प्रयोग गर्ने सुविधा प्रदान गर्दछ । साथै सबै डिभाइसमा ह्वाट्सएपमा च्याट, कन्ट्याक्ट तथा ग्रुपहरु प्नि सिंक्रोनाइज्ड हुन्छन् । यसमा एउटा ह्वाट्सएप अकाउन्टलाई एउटा मूल फोन सहित कूल ५ वटा डिभाइसमा जोड्न सकिन्छ । यद्यपि यसको सेटअप प्रक्रिया विद्यमान Linked Devices फिचरको जस्तै छ, तर कम्पानियन मोड फिचर विशेष गरी स्मार्टफोनका लागि डिजाइन गरिएको हो । यो फिचर सन् २०२३ को अप्रिल २५ मा आधिकारिक रुपमा सार्वजनिक भएको हो ।

**कसरी सेटअप गर्ने Companion Mode फिचर ?**


यसका लागि तपाईंले आफ्ना सबै डिभाइसमा सबैभन्दा पछिल्लो अद्यावधिक ह्वाट्सएप भर्सन छ भन्ने कुरामा निश्चित गर्नुहोस् । तपाईंले एन्ड्रोइड फोनका लागि गुगल प्ले स्टोर तथा आईओएस फोनका लागि एप स्टोरबाट ह्वाट्सएप मेसेनजर एप डाउनलोड गर्न सक्नुहुन्छ ।

- अब आफ्नो दोस्रो फोनमा ह्वाट्सएप डाउनलोड गरिसकेपछि एप सेटअप गर्नका लागि फोन नम्बर हाल्ने अप्सन देखिन्छ । तर कम्पानियन मोड प्रयोग गर्नका लागि त्यसलाई छाड्नुहोस् र माथिल्लो मेन्युमा देखिएको तिनवटा थोप्ला (:) मा ट्याप गरी त्यसभित्र रहेको Link to existing account मा जानुहोस् ।
- त्यसपछि एपले क्यूआर कोड स्क्यान गर्ने विकल्प देखाउँछ । आफ्नो मुख्य फोनमा क्युआर कोड दोस्रो फोनमा स्क्यान गर्नुहोस् र यसो गर्दा ती दुई डिभाइस आपसमा लिंक हुन्छन् ।
- यसका लागि ह्वाट्सएप अकाउन्ट रहेको मुख्य स्मार्टफोनमा ह्वाट्सएप खोल्नुहोस् र तीनवटा थोप्लावाला ओभरफ्लो मेन्यूमा ट्याप गर्नुहोस् ।
- ToxfF Linked devices नामक अप्सनमा ट्याप गरी हरियो रंगमा देखिने Link a device बटनमा ट्याप गर्नुहोस् ।
- त्यसपछि फोनको स्क्रिनमा देखिने क्युआर कोड दोश्रो फोनमा स्क्यान गर्नुहोस् ।
- यसको साटो तपाईंले Link with phone number instead नामक अप्सन पनि छान्न सक्नुहुन्छ । यसका लागि अर्को फोनमा ह्वाट्सएप वेब खोल्नुहोस् र फोन नम्बर हाल्नुहोस् । यसो गर्दा वनटाइम पासकोड प्राप्त हुन्छ र त्यसबाट दुईवटा डिभाइसको ह्वाट्सएप अकाउन्ट एक आपसमा कनेक्ट हुन्छ ।

कम्पानियन मोडमा पाँचवटा सम्म फोनमा एकै पटकमा एउटै ह्वाट्सएप अकाउन्ट चलाउन सकिन्छ । अर्को गज्जबको कुरा त दोस्रो फोनमा ह्वाट्सएप चलाउनका लागि फोनको सिमकार्ड पनि चाहिंदैन । त्यस्तै अतिरिक्त फोनमा ह्वाट्सएप चलाउँदा समेत ह्वाट्सएपका सबैजसो फिचरहरु जस्तै मेसेज, तस्वीर तथा भिडियोहरु आदानप्रदान, भ्वाइस तथा भिडियो कल समेत प्रयोग गर्न सकिन्छ ।

*-अनलाइन खबर डटकम*

# ‘निको’ हुँदैछ ओजोन तह



पृथ्वीको ओजोन तह केही दशकमा नै पूर्णरुपमा ठिक हुने बाटोमा रहेको संयुक्त राष्ट्रसंघ समर्थित विज्ञहरूको एक प्यानलले जनाएको छ । गत जनवरीमा उनीहरूले विश्वभर नै ओजोन तहलाई हानी पुऱ्याउने रसायनहरूमा कमी आइरहेको बताएका थिए । ओजोन तहले पृथ्वीलाई खतरनाक अल्ट्राभायोलेट किरणबाट बचाउँछ । तर, सन् १९८० यता वैज्ञानिकहरूले ओजोन तहमा प्वाल परेको बताएका थिए । रेफ्रीजेरेटर लगायतमा प्रयोग गरिने क्लोलोरोफ्लोरो कार्बन (सीएफसी) यसका लागि हानिकारक मानिन्छ । त्यसयता गरिएको अन्तर्राष्ट्रिय सहकार्यले उक्त क्षतिलाई परिपूर्ति गर्न सहयोग पुगेको छ । सन् १९८९ मा लागू गरिएको मोन्ट्रियाल प्रोटोकलपछि सीएफसीको प्रयोगलाई निरुत्साहित गरिएको थियो । ओजोन तहको पुनरुत्थानलाई सबैभन्दा ठुलो वातावरणीय उपलब्धि मानिएको छ । यदि यही नीति लागू भए सन् २०४० सम्ममा विश्वका अधिकांश भागमा सन् १९८० ताकाकै अवस्थामा ओजोन तह फर्किने वैज्ञानिकहरूले बताएका छन् । ध्रुवीय क्षेत्रमा भने यो प्रक्रियाका लागि थप समय लाग्नेछ । अध्ययनकाअनुसार आर्कटिकमा सन् २०४ र एन्टार्टिकमा सन् २०६६ मा ओजोन तह ठिक भइसक्नेछ । तर, गत नोभेम्बरमा प्रकाशित अर्को अध्ययनले भने यसमा केही आशङ्का पैदा भएको थियो । नेचर कम्युनिकेसनले एन्टार्टिकमा रहेको ओजोनको प्वाल पहिले कै अवस्थामा र थप गहिरो बनेको बताएको थियो । तर, अन्य वैज्ञानिकहरूले अध्ययनको निष्कर्षमा प्रश्न उठाएका थिए । तहको लामो समयको अवस्थाबारे छोटो समयमा गरिएको अध्ययनले निष्कर्ष दिएको उनीहरूको तर्क थियो ।

*-रातोपाटी डटकम*

# डिजिटल स्थानीय तह किन र कसरी बनाउने ?

**विष्णुप्रसाद खनाल**

संघीय नेपालको नेपालको संविधान २०७२ अनुसार स्थानीय तहले खासगरी नगर प्रहरी सञ्चालन, सहकारी संस्था सञ्चालन, स्थानीय कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन, स्थानीय सेवाको संकलन एवं, स्थानीय सेवाको संकलन, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख संकलन गर्ने जस्ता कार्यहरू गर्दछ । स्थानीय तहको क्षेत्राधिकार पर्याप्त भए पनि कार्यान्वयन पक्ष व्यवस्थित हुनसकेको छैन । जब जनतासँग जोडिने कुरामा पारदर्शी, स्पष्टता र जवाफदेहीता नभएसम्म प्रभावकारी भूमिका निर्वाह गर्न सक्दैन् । अबको समयमा जनतालाई सेवा प्रवाह गर्ने सन्दर्भमा डिजिटलाइजेशन आवश्यक छ तर डिजिटलाइजेशन कसरी गर्ने भन्ने योजना न स्थानीय सरकारसँग छ न त कर्मचारी तन्त्रसँग छ । महत्वपूर्ण सवाल भनेको स्थानीय तहका राखिएको अभिलेखलाई व्यवस्थित नहुँदासम्म त्यसले प्रभावकारी भूमिका निर्वाह गर्न नसक्ने भएको कारण तथ्यांक संकलन र त्यसको प्रभावकारी व्यवस्थापनको हो । तर नेपालमा जहिलेपनि टप टु वटम शैलीमा कार्यक्रमहरू तय हुने गर्दछन् । जब केन्द्रबाट कार्यक्रम प्रदेश हुँदै स्थानीय तहमा पुग्दछ तब त्यसले प्रभावकारिता ल्याउन नसक्ने कुरा हाम्रो इतिहासले देखाइसकेको छ ।

कोठाभित्र बसेर तय गरिने कार्यक्रमले जनताको समस्या बुझ्न सक्दैन् । इतिहासका घटनाक्रमलाई हेर्ने हो भने विभिन्न कार्यक्रम तयार हुन्छन् । बजेट निकाशा हुन्छ । काम गरेजस्तो देखाइन्छ तर कार्यन्वयन पक्ष थितलो भए पनि योजना असफल हुन्छ । व्यवस्थापनका कार्यक्रम किन असफल भए भन्नेतर्फ राज्यको ध्यान पुग्न सकेको छैन् । स्थायीय तहलाई कसरी डिजिटल बनाउने भन्ने खाका तयार नहुँदासम्म त्यसको लागि बन्ने कार्यक्रमले खासै अर्थ राख्दैन । म आफैं अनुसन्धानको विद्यार्थी भएकाले जबसम्म अनुन्धान प्रभावकारी रूपमा गरिँदैन् । तथ्यांक संकलन प्रभावकारी हुँदैन तवसम्म जति नै कार्यक्रम आए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्दैन् । डिजिटलाइजेशनका केही चरण छन् । सबैभन्दा पहिलो चरण भनेको अवलोकन हो किनभने कुनै ठाउँका के छ भन्ने कुरा नै थाह नभएसम्म त्यो क्षेत्रलाई बुझ्न सकिँदैन । त्यसैगरी दोस्रो चरण भनेको क्षेत्रलाई कोडिङ गर्ने गरिन्छ । अर्थात्कुन क्षेत्रमा कति घरधुरी छ, कति संस्था वा निकाय छन्, कति कार्यालय छन्, त्यसको अभिलेख तयार गर्ने गरिन्छ ।

तेस्रो चरण भनेको तथ्यांक संकलनको चरण हो । तथ्यांक संकलक छापा वा विद्युतीय माध्यमबाट गर्ने गरिन्छ । प्रश्नावली वा कागजात संकलनमार्फत् गर्ने गरिन्छ । यदि तथ्यांक संकलनमा कुनै पनि विवरण छुट्न गएमा त्यसले डिजिटलाइजेशनमा सोझै प्रभाव पार्ने गर्दछ । तथ्यांक संकलनमार्फत विस्तृत विवरणको संकलन गरेपश्चात त्यसलाई अभिलेखीकरण गर्ने गरिछ । अभिलेखीकरण गर्दा चुस्त दुरुस्त अभिलेख भएन भने त्यसले प्रभावकारिता ल्याउन सक्दैन् । अभिलेख तयार भएपछि त्यसबाट पार्श्वचित्र, बृत्तचित्र, अल्पकालीन तथा दीर्घकालीन योजना कुरा फरक कुरा हो भने भने डिजिटलाइजेशन पनि फरक कुरा हो । त्यसलाई निश्चित कोडमा बदली कोडमार्फत सेवा प्रवाह गर्ने प्रणाली नै डिजीटलाइजेशन हो । अनलाइन प्रणाली र डिजिटलाइजेशन उस्तैउस्तै देखिए पनि यो अत्यन्तै फरक कुरा हो । डिजिटलाइजेशनको एउटा अंश अनलाइन प्रणाली पनि हो । कोडिङमार्फत अभिलेख व्यवस्थापन गरेपश्चात् कागजातको सुरक्षा र गोपनीयतामा जटिल प्रश्न खडा हुने गर्दछ । त्यसका लागि उच्च प्रविधिको प्रयोग गर्नु आवश्यक देखिन्छ । अर्कोतर्फ समाजमा अहिले भ्रम के छ भने पेपरलेस हुनु नै डिजिटलाइजेशन हुनु हो भन्ने गरिन्छ तर वास्तविकता त्यस्तो होइन् । पेपरलस त केबल डिजिटलाइजेसनको एउटा अंशमात्रै हो । जनताले बुझ्ने भाषामा राज्य जनताप्रति विद्युतीय रूपमा जवाफदेही बन्ने कुरा नै विद्युतीय अभिलेखीकरण अर्थात् डिजिटलाइजेशन हो । डिजिटलाइजेशन भएपछि एउटा नयाँ सिष्टम तयार हुन्छ । पहिलो पक्ष भनेको कुनै पनि सेवा प्रवाह गर्दा कागजात बोक्नुपर्ने अवस्थाको अन्त्य हुन्छ भने राज्यको नेतृत्व तह सोझै जनतासँग जोडिन सक्छ । यसले एकातिर भ्रष्टाचारलाई नियन्त्रण गर्न सहयोग पुग्दछ भने अर्कोतिर त्यसले पारदर्शिता ल्याउने गर्दछ । विस्तृत तथ्यांकसहितको विद्युतीय अभिलेखीकरण अत्यन्तै झण्झटिलो कार्य भए तापनि त्यसलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्न सकियो भनेमात्र यो सबैभन्दा सजिलो माध्मम बन्न जान्छ । आजको विज्ञान र प्रविधिको युगमा अभिलेख व्यवस्थापन गर्न विभिन्न माध्यम (अनलाइन, कम्प्युटर, रजिष्टर, बेभसाइट, एप तथा प्रणाली, कोड सिष्टम) उपलब्ध छन् । यसको उचित प्रयोगले नै संसार आज एक सानो गाउँमा रूपान्तरण भएको छ र यो अब एउटा घरमा रूपान्तरण गर्ने बेला आएको छ । एउटा निश्चित अंकमा अभिलेख राख्ने प्रणाली जसले हरेक व्यक्तिको जीवनकालमा एक पटकमात्र सर्भे गरी अभिलेख राख्ने गर्दछ र सोही कोडको माध्यमद्वारा सेवा प्रवाह गर्ने गरिन्छ । यो अत्यन्तै उच्चतम प्रविधि हो । जुन कोड सम्बन्धित व्यक्तिको फिंगर प्रिन्ट र रेटिनास्यानले मात्र खोल्न सक्ने व्यवस्था हुन्छ ।

नेपालमा संघीय सरकार, प्रदेश र स्थानीय तह तथा अन्य गैरसरकारी संस्थाले विभिन्न विषयवस्तुमा समय-समयमा सर्भे गर्दछन् । सर्भे अर्थात् एक खालको लिखित अन्तर्वार्ता जसको माध्यमबाट विवरण प्राप्त गर्ने गरिन्छ, एउटा प्रतिवेदन तयार गर्ने गरिन्छ र सर्भे सम्पन्न हुन्छ । प्रश्नावली डम्पिङसाइटमा फालिन्छ । यहाँनेर हामीले बुझ्नुपर्ने के हो भने सर्भेले कुनै प्रणालीको विकास गर्न सक्नुपर्दछ र त्यो प्रणालीले त्यो क्षेत्रलाई सुधार गर्न सक्नुपर्ने हुन्छ । यदि यसरी सर्भे गर्न सकियो भने विभिन्न नाममा हुने सर्भे सधैंका लागि अन्त्य हुन्छ र जनता तथा सेवाग्राहीलाई पटक-पटक दुःख दिने प्रवृत्तिको अन्त्य हुन्छ । हरेक संस्था, व्यक्ति र निकायले आ-आफ्नै तरिकाले अभिलेख राख्ने गरेका हुन्छन् । जस्तै सामुदायिक वनले आफ्ना उपभोक्ताको विवरणको अभिलेख राखेको हुन्छ, टोल विकास संस्थाले आफ्नै तरिकाले टोलवासीको अभिलेख राखेको हुन्छ । वडा कार्यालयले आफ्नै तरिकाले वडावासीको अभिलेख राखेको हुन्छ, पालिकाहरूले आफ्ना नागरिकको अभिलेख आफ्नै ढंगले राखेको हुन्छ । अस्पतालले आफ्ना बिरामीहरूको अभिलेख आफ्नै तरिकाले राखेको हुन्छ । विद्यालय तथा विश्वविद्यालयले आफ्ना विद्यार्थीको अभिलेख आफ्नो अनुकूल राखेको हुन्छ । विद्युत, खानेपानी, यातायात, सञ्चार तथा बैंक, वित्तीय संस्था, सहकारी तथा शेयर बजारले आफ्ना सेवाग्राहीको अभिलेख आफ्नै तरिकाले राखेका हुन्छन् । सिँचाइ, भूमिसुधार, प्रहरी प्रशासनले नागरिकको अभिलेख आफ्नै तवरले राखेका हुन्छन् । ती सबै अभिलेखमा एकरूपता ल्याउनु जरुरी छ । सरकार जनताको अभिभावक हो । जनताको रक्षा गर्नु, जनताको सम्पत्तिको सुरक्षा गर्नु, जनताको सूचनाको सुरक्षा गर्ने कर्तव्य सरकारको हो अर्थात् राज्यको हो । आफ्ना जनता के गर्दैछन् ? कस्तो कार्यमा संलग्न छन् । उनीहरूको अवस्था कस्तो छ ? उनीहरूको आवश्यकता के हो भन्ने कुराको राज्यले हेक्का राख्नुपर्दछ । त्यसका लागि राज्यलाई सिष्टम चाहिन्छ । जनताको जीउधन, सूचना, सम्पत्ति, स्वतन्त्रता, शिक्षा, स्वास्थ्य, आवास, रोजगार हेर्ने जिम्मा राज्यको हो । संविधान तथा कानुनले सबै नागरिकलाई सूचना र गोपनीयताको हक प्रदान गरे पनि व्यवहारमा त्यसको कार्यान्वयन भएको छैन । त्यसैले हरेक व्यक्तिको विवरण खोल्न वा हेर्न सम्बन्धित व्यक्तिको फिंगर प्रिन्ट र रेटिना स्क्यानको अनिवार्य व्यवस्था गर्नुपर्दछ । घरधुरी, व्यवसाय, संस्था र निकायको अवस्था कस्तो छ भन्ने कुराको विश्लेषण गरी अभिलेख राख्ने गर्दछ भने घरधुरीभित्र रहेका प्रत्येक सदस्यको विवरण राख्ने गर्दछ । जसका कारण सेवा प्रवाहमा एकरूतालाई सहजता प्रदान गर्दछ । भ्रष्टाचार, कालोबजारी, घुसखोरी, बलात्कार, हत्या, हिंसा जस्ता अपराध नियन्त्रण गर्न सहयोग पुग्दछ ।

आजको अवस्थामा सरकारले विद्युतीय सेवा प्रवाहको थालनी गरेको छ भने विश्वविद्यालय तथा विद्यालयले अनलाइन कक्षा सुरुवात गरेका छन् । राजनीतिक दलहरूले भर्चुअल मिटिङ गर्न थालेका छन् । विभिन्न निकायसमेत अनलाइन प्रणालीमा गइसकेको अवस्थामा सिष्टमलाई समेत व्यवस्थित गर्न सकेमा मात्र प्रभावकारी विद्युतीय सेवा प्रवाह हुनसक्छ । अर्कोतिर आजभोलि प्रविधिको अत्यधिक प्रयोग सँगसँगै सामाजिक सञ्जालको प्रयोग र दुरूपयोगसमेत बढ्न थालेको छ । विभिन्न माध्यमको प्रयोग तथा प्रलोभनमा पनि नागरिकको सूचना बाहिर जाने प्रवृत्ति बढ्दो छ । यस्तो प्रवृत्तिले नागरिकको सुरक्षामा प्रश्न चिह्न खडा भएको छ । त्यसैले प्रविधिको उचित व्यवस्थापनको साथै नागरिकको सुरक्षा तथा नागरिकलाई सेवा प्रदानको उचित माध्यम नै डिजिटलाइजेशन हो । सर्भेका नाममा विभिन्न कालखण्डमा अर्बौं रकम खर्च भए पनि उपलब्धि शून्य छ । जनगणनाले समेत एक शताब्दी पार गर्दा समेत जनताको अभिलेख व्यवस्थापन राम्रो नहुनु विडिम्बनाको कुरा हो । आखिर प्रत्येक दिन प्रकाशन हुने प्रतिवेदनहरूले जनतालाई के दिए ? जनतालाई कहिलेसम्म यसरी दुःख दिने ? विकासको नाममा, चियापानको नाममा, सेमिनार, गोष्ठीको नाममा, सुरक्षाको नाममा, सभा सम्मेलनको नाममा राज्यको ढुकुटी रित्याउने तर जनताको अभिलेख व्यवस्थापन गर्न बेवास्ता गर्ने प्रवृत्ति कहिलेसम्म ? सरोकारवाला सबै निकाय (वन, टोल, वडा, पालिका, विद्युत्, खानेपानी, सडक, सिँचाइ, यातायात, स्वास्थ्य संस्था, विद्यालय, विश्व विद्यालय, बैंक तथा वित्तीय संस्था, उद्योग वाणिज्य संघहरू, प्रहरी प्रशासन, जिल्ला तथा इलाका प्रशासन, जलविद्युत् परियोजना, सुरक्षा निकाय, शेयरबजार, पूँजीबजार, उद्योग कलकारखाना, भूमि सुधार तथा राजस्व कार्यालय, अनुसन्धान कार्यालय, हुलाक तथा विज्ञान प्रविधि तथा उत्पादन र वितरण बजार, राजनीतिक दलहरू, सामाजिक संस्था, गैरसरकारी संस्थाहरू)को अभिलेखमा एकरूपता ल्याई जनता तथा सेवाग्राहीलाई चुस्तदुरुस्तरूपमा सेवा प्रवाह गर्नु आजको आवश्यकता हो । यो सबैका लागि डिजीटलाइजेशन अपरिहार्य छ । यसको माध्यमबाट उत्पादनमा वृद्धि गरी रोजगारी सिर्जनाको साथै राष्ट्रिय अर्थतन्त्र र सुरक्षा संयन्त्रमा समेत सहयोग पुऱ्याउन सकिन्छ । एकातिर सबै जनतालाई सिष्टममा लैजाने कार्यले सर्भेका नाममा हुने अनावश्यक खर्च कटौती हुन्छ भने अर्कोतिर बचत रकमलाई देश र नागरिकको विकास तथा सुरक्षामा लगाउन सकिन्छ ।

*-हिमालय टाइम्स डटकम*



**डोको बुन्दै ६७ वर्षीय वृद्ध**

गुल्मीको कालीगण्डकी गाउँपालिका-१ गिदुवाका ६७ वर्षीय प्रेम फौजा मगर डोको बुन्दै । उनले डोको बुनेरै जीविकोपार्जन गर्दै आएका छन् । दिनमा दुई वटा सम्म डोको बुन्ने फौजाले प्रति डोका दुई सयमा बेच्ने गर्दछन् । *-तस्वीर : किशोर भट्टराई/एनजेडी*

# प्रधानमन्त्रीले आज राष्ट्रका नाममा सम्बोधन गर्ने



**पाल्पा,** पुस ९/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आज दिउँसो ३ बजे राष्ट्रका नाममा सम्बोधन गर्ने भएका छन् । प्रधानमन्त्रीमा नियुक्त भएको एकवर्ष पुगेको अवसरमा उनले सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयबाट राष्ट्रका नाममा सम्बोधन गर्न लागेका हुन् ।

विसं २०७९ पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भएका प्रचण्ड नेतृत्वको सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायलाई केन्द्रमा राखी कार्यसम्पादन गरिरहेको छ । भ्रष्टाचार नियन्त्रण, सुशासन तथा सामाजिक न्यायको प्रत्याभूति र मुलुकको आर्थिक अवस्थालाई सुदृढ बनाउन सरकारले एक वर्षका अवधिमा गरेका प्रयासबारे जानकारी दिन उनले सम्बोधन गर्न लागेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । प्रधानमन्त्री प्रचण्ड गत वर्ष पुस १० मा एमालेको समर्थनमा प्रधानमन्त्री बनेका थिए । एमालेसँगको गठबन्धन दुई महिनामै भत्केपछि उनी कांग्रेसकोसहितका दलको समर्थनमा गठबन्धन सरकारको नेतृत्व गरिरहेका छन् ।

# आज योमरी पुन्ही र उधौली...

...यो पर्वका दिन नेवार समुदायमा विशेष उल्लास हुन्छ । यस क्रममा घरका महिला सबेरै उठेर नुहाउँछन् । बालबालिका यो दिन मिठोमसिनो खाएर रमाउँछन् । यो पूर्णिमा एक दिनमै सकिँदैन । पर्वको चार दिनपछि विवाहि छोरीहरूलाई बोलाएर लक्ष्मीको प्रसादको रुपमा योमरी बाँडिन्छ, भोज खुवाइन्छ । योमरीका साथ भोज खुवाउने चलन अहिले पनि नेवार समुदायमा छ । पर्वका दिन योमरी खाने, बाँड्ने र पूजा गर्ने चलन छ । यस पूर्णिमालाई धान्य पूर्णिमा पनि भनिन्छ । आजका दिन किरात समुदायले उधौली पर्व पनि मनाउँदै छन् । यस दिन खेतीपाती राम्रो भयो, काम सकियो, अब अन्नको सह बसोस् खाद्यान्नको अभाव नहोस् भनी भूमेस्थान र साकेलास्थानमा पूजा गरी उधौली पर्व मनाउनेपरम्परा रहेको छ । वैशाख शुक्ल पूर्णिमाका दिन गर्मी छल्न उँभो गई उभौली पर्व मनाएको किरात समुदायले आजैदेखि जाडो छल्न उँधो झर्ने भएकाले यो पर्वलाई उधौली भन्ने गरिएको सामाजिक मान्यता छ । पूजापछि साकेला नाचिन्छ । नाचमा प्रकृतिमा भएका पशुपक्षी मानव समुदायलाई आवश्यक पर्छ भनी नक्कल गरिन्छ ।

यी पर्वहरुको अवसरमा सरकारले सार्वजनिक विदा समेत दिएको छ । उद्यौली पर्व, योमरी पुन्ही-ज्यापु दिवसको अवसरमा सरकारले देशभरिका सम्बन्धित समुदायका लागि सार्वजनिक विदा दिएको हो ।



**उम्मेदवारको मनोनयन दर्ता सम्बन्धी सूचना**

तानसेन खानेपानी उपभोक्ता समिति निर्वाचन-२०८० अन्तर्गत मिति २०८०/०९/१४ गते हुने निर्वाचनको लागि उम्मेदवारहरुको मनोनयन दर्ता कार्य मिति २०८०/०९/१० गते विहान १०.०० बजे देखि दिउँसो ३.०० बजेसम्म रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**तानसेन खानेपानी उपभोक्ता समिति निर्वाचन-२०८०**
**निर्वाचन अधिकृतको कार्यलय, तानसेन, पाल्पा**


खेलकुद समाचार

## महिला क्रिकेटमा मधेशको पहिलो जित



**काठमाडौं,** पुस ९/प्रधानमन्त्री कप राष्ट्रिय महिला क्रिकेटमा मधेश प्रदेशले पहिलो जित हात पारेको छ । मूलपानी क्रिकेट मैदानमा सोमबार भएको खेलमा गण्डकी प्रदेशलाई २७ रनले हराउँदै मधेशले पहिलो जित हात पारेको हो ।

मधेशले दिएको ११३ रनको लक्ष्य पछ्याएको गण्डकी १९.४ ओभरमा ८५ रनमा अलआउट भएको हो । गण्डकीका लागि सुमन खतिवडाले सर्वाधिक ४२ रन बनाइन् । उनले ३३ बलमा ६ चौका प्रहार गरेकी हुन् । सृष्टि जैशीले ३४ बलमा १ चौकासहति १५ रन बनाइन् भने अन्य कुनैले दोहोरो अंकमा रन बनाउन सकेनन् । मधेशका लागि पुजा महतोले सर्वाधिक ३ विकेट लिइन् । सरस्वती कुमारी चौधरी, कविता गौतम र साक्षी यादवले १/१ विकेट लिइन् । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको मधेसले २० ओभरमा ७ विकेट गुमाउँदै ११२ रन बनाएको थियो । मधेशका लागि ओपनर पुजा महतोले सर्वाधिक ३८ रन बनाइन् । उनले ४३ बलमा ५ चौका प्रहार गरिन् । सरस्वती कुमारी चौधरीले २६ रन बनाइन् भने प्रतिमा साहले १० रन बनाइन् । मधेशले २२ रन अतिरिक्त पाएको थियो । गण्डकीको लागि सुमन खतिवडाले सर्वाधिक ३ विकेट लिइन् । कुसुम गोदारले १ र सृष्टि जैशीले १/१ विकेट लिए । चौथो चरणको यो खेलसँगै गण्डकी र मधेशको खातामा १/१ जित सहित समान २ अंक छ । नेट रन रेटका आधारमा गण्डकी छैटौं स्थानमा छ भने मधेश रनरेटका आधारमा सातौं स्थानमा छ ।


**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेर्ट समाचार

## कर्जाको जोखिमभार घट्यो




**पाल्पा,** पुस ९/सेयर धितो कर्जा तथा रियल स्टेट कर्जाको जोखिम भार घटेको छ । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष (आव) को मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षामा आएको व्यवस्था कार्यान्वयनका लागि एक परिपत्र जारी गर्दै राष्ट्र बैंकले जोखिम भार घटाएको हो ।

५० लाखभन्दा माथिको मार्जिन प्रकृतिको सेयर धितो कर्जामा १ सय ५० प्रतिशत रहेको जोखिम भारलाई घटाएर राष्ट्र बैंकले १ सय २५ प्रतिशत कायम गरेको छ । यस्तै ५० लाख रुपैयाँसम्मको कर्जामा यसअघि नै १०० प्रतिशत जोखिम भार कायम गरिएको छ । सेयर धितो कर्जामा जोखिम भार घटाएर सेयर बजारलाई चलायमान बनाउने लक्ष्य मौद्रिक नीतिको समीक्षाले लिएको छ । त्यस्तै ५० लाखभन्दा बढीको घरजग्गा कर्जाको जोखिमभार पनि १२५ प्रतिशतमा झारिएको छ । यसअघि यस्तो कर्जामा १५० प्रतिशत जोखिमभार थियो । यसका साथै ५० लाख सम्मको आवास कर्जा लिँदा मासिक किस्ता आम्दानी अनुपात बढाई ६० प्रतिशत कायम गर्ने व्यवस्था पनि गरिएको छ । यसअघि यस्तो अनुपात ५० प्रतिशत मात्रै थियो ।

यस्तै अर्थतन्त्रमा देखिएको सुस्तताले परिस्थितिजन्य समस्यामा परेको ऋणीहरूले बक्यौता रहेको ब्याजको १० प्रतिशत भुक्तानी गरी कर्जा पुनर्संरचना र पुनरतालिकीकरण गर्न पाउने भएका छन् । राष्ट्र बैंकले चालु आवको मौद्रिक नीति समीक्षामार्फत परिस्थितिजन्य समस्यामा रहेका ऋणीलाई कर्जा पुनर्संरचना र तालिकीकरण गर्न पाउने व्यवस्था गर्ने बताएको थियो । सोही आधारमा बैंक तथा वित्तीय संस्थाका लागि परिपत्र जारी गर्दै बक्यौता ब्याजको १० प्रतिशत भुक्तानी गरी कर्जा पुनर्संरचना र पुनरतालिकीकरणको व्यवस्था गरेको हो ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



नवजनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई